दैनिक

# लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक








वर्ष ३५ | अंक ९३ | बुटवल | २०७९ चैत १६, गते विहिबार | नेपाल संवत ११४३ | Thursday Mar 30, 2023 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


# पशुमा संगिनी सुई लगाउनु 'अनैतिक'

नेपाली समाजमा संगिनी सुईले तौल बढाउने मान्यता व्याप्त छ। यसका केही वैज्ञानिक आधार भए पनि पशुमा तौल बढाउनका लागि मानिसले प्रयोग गर्ने सुई प्रयोग गर्नु चिकित्सकीय दृष्टिले अनैतिक हुने पशु विज्ञ बताउँछन् ।

**लुम्बिनी संवाददता**

*बुटवल*

गुल्मीको धुर्कोट गाउँपालिकाका किसानले मानव शरीरमा प्रयोग हुने सुई बोकामा लगाएको घटना सार्वजनिक भएपछि विभिन्न कोणबाट बहस सुरु भएको छ।

सोमबार गाउँपालिकाले पशु प्राविधिक तथा ग्रामीण पशु स्वास्थ्य कार्यकर्ताले बोको/पाठोलाई संगिनी सुई लगाइदिएको भन्दै त्यसो नगर्न विज्ञप्ति जारी गरेको थियो। संगिनी सुई महिलाले प्रयोग गर्ने गर्भ निरोधक अस्थाई साधन हो। यसको प्रभावअवधि तीन महिना हुन्छ।

गाउँपालिकाका अनुसार वडा नम्बर १ नयाँगाउँ र वडा नम्बर ७ वाग्लाका निजी क्षेत्रमा काम गर्ने पशु प्राविधिक तथा ग्रामीण पशु स्वास्थ्य कार्यकर्ताहरूले बोको पाठालाई संगिनी सुई लगाइदिएका हुन्।

गाउँपालिकाका पशु स्वास्थ्य प्राविधिक श्यामबहादुर कार्की स्थानीय किसानले बोकाको तौल बढ्ने विश्वासमा सुई लगाइदिएका हुन् । उनी भन्छन्-'गाउँमा संगिनी सुई लगाउने महिलाहरु मोटाउँछन् भन्ने मान्यता व्याप्त छ । बोकाको पनि तौल बढ्ने विश्वासमा सुई लगाएका हुन् ।'

बोकामा संगिनी सुई लाइदिएको सूचना गाउँपालिकालाई स्थानीयले नै दिएका थिए। सूचना आएपछि गाउँपालिकाले भनेको छ- 'तीन महिने संगिनी सुई हर्मोनल साधन भएकोले मानव शरीरमा दीर्घकालीन असर पर्न जान्छ। पशुमा यो सुइ प्रयोग नगर्न आग्रह गर्दछौं।'

आगामी दिनमा यस्तो कार्य गर्ने गराउने गरेको पाइएमा कानून बमोजिम सजाय दिने भन्दै संगिनी सुई लगाउन तत्काल रोक्न सूचना जारी गरेको गाउँपालिकाले जारी गरेको सूचनामा उल्लेख छ।

**संगिनी सुईले तौल बढाउँछ ?**

अमेरिकाको युनिभर्सिटी अफ साउदर्न क्यालिफोर्नियाका अध्येताहरुले गर्भनिरोधक सुईले उच्च क्यालोरी भएका खानाप्रतिको आशक्ति बढाउने पत्ता लगाएका थिए। युनिभर्सिटीको वेबसाइटअनुसार ती अध्येताले गरेको न्युरो इमेजिङ अध्ययनले सुईका कारण दिमागको यस्तो भाग सक्रिय हुन्छ, जसले गर्दा पास्ता तथा आइसक्रिम जस्ता उच्च क्यालोरी भएका खाना खान मनलाग्ने हुन्छ।



यस्तै उत्तरपश्चिम इथियोपियामा पाँच जना वैज्ञानिकहरुले गरेको एक अध्ययनले गर्भ निरोधक साधनका रुपमा प्रयोग गरिने सुई (डिपो-प्रोभेरा)ले महिलाहरुको तौल र रक्तचाप परिवर्तन गरेको बढाएको थियो । अध्ययनमा सामेल महिलाहरुमा अधिकांशको तौल बढेको र रक्तचाप अस्थिर रहेको अध्ययनले देखाएको थियो । रोचक के भने केही महिलाको तौल घटेको देखिएको थियो ।

नेपाली समाजमा सुईले तौल बढाउने मान्यता व्याप्त छ। यसका केही वैज्ञानिक आधार भए पनि पशुमा तौल बढाउनका लागि संगिनी सुई प्रयोग गर्नु चिकित्सकीय दृष्टिले अनैतिक हुन जाने भेटेनररी डा. प्रदीप पौडेल बताउँछन् । डा. पौडेल महिलाको शरीरको रसायनिक संरचनामा आधार रहेर निर्माण गरिएको सुई अन्य प्रयोजनका लागि प्रयोग गर्नै नहुने बताउँछन् । उनी भन्छन्-'यो भनेको एउटा तालाको चाँपी अर्को तालामा प्रयोग गरेजस्तै हो। त्यसको औचित्य हुँदैन।'

अमेरिकाको डिपार्टमेन्ट अफ हेल्थअन्तर्गत रहेको एजेन्सी फुड एण्ड ड्रग एडमिनिस्ट्रेशनले जनावरमा मानवका लागि बनेको गर्भ निरोधक सुईको प्रयोग गर्न अनुमति दिएको छैन । तर केही भेटेनररी डाक्टरहरुले घरपालुवा कुकुरमा यौन क्रियाकलाप तथा आक्रामक व्यवहारलाई नियन्त्रण गर्न यस्तो सुई लगाइदिने गरेको उक्त वेबसाइटले जनाएको छ।

**के हो संगिनी सुई ?**

संगिनी सुई एक हर्मोनल साधन हो। जसले शरीरमा हुने हर्मोनलाई व्यवस्थित गरी गर्भ रहन दिँदैन। महिलामा दुई किसिमका यौन हर्मोन हुन्छन्, एस्ट्रोजोन र प्रोजेस्टेरोन। महिनावारी भएको दोस्रो दुई हप्तामा बढी हुने प्रोजेस्टेरोन नामक हर्मोनलाई संगिनी सुईले रोकेर राख्छ। यसले पाठेघरको भित्री तहलाई पातलो बनाइदिने भएकाले गर्भ रहँदैन।

संगिनी सुईले डिम्बाशयलाई समेत रोकेर राख्ने भएकाले गर्भ रहने सम्भावना रहँदैन। प्रजनन् अंग (पाठेघरको मुख)बाट निस्कने पानीलाई संगिनी सुईले बाक्लो बनाइदिन्छ, फलस्वरूप शुक्रकिटभित्र छिर्न पाउँदैन। यसरी गर्भ रोकिन्छ।

# लुम्बिनीमा राष्ट्रिय मिडिया सम्मेलन

**केशव पराजुली**

*नवलपरासी*

नेपाल पत्रकार महासंघ केन्द्रीय समितिले आयोजना गरेको राष्ट्रिय मिडिया सम्मेलन लुम्बिनीमा हुने भएको छ । केन्द्रीय समितिको बैठक भने नवलपरासीको परासीस्थित रामग्राम स्तुपमा हुने छ।

शान्तिका अग्रदुत गौतम बुद्धसँग सम्बन्धित यी दुई स्थान केन्द्रीय समितिको बैठक बस्ने सचिव रेश्मीले जानकारी दिएका छन् । बैठक पश्चात १६ गते साँझ केन्द्रीय समितिको टोली लुम्बिनीमा पुग्ने छ।

चैत १७ गते लुम्बिनीमा हुने राष्ट्रिय मिडिया सम्मेलनमा केन्द्रीय समिति, पत्रकार महासंघका पूर्वअध्यक्ष, सल्लाहकार, सञ्चार क्षेत्रका विज्ञ, अर्थविद, मिडियाको समग्र अनुसन्धानको




ऐतिहासिक, पुरातात्विक तथा धार्मिक स्थल हुन् ।

महासंघले तय गरेको मिडिया सम्मेलन र केन्द्रीय समितिको आठौं बैठकअन्तरगत चैत १६ गते रामग्राम स्तुपमा केन्द्रीय समितिको आठौं बैठक बस्ने छ, भने सोही दिन परेको नेपाल पत्रकार महासंघको स्थापना दिवससमेत मनाउने कार्यक्रम तय भएको पत्रकार महासंघ जिल्ला शाखा नवलपरासीका सचिव राजकुमार रेश्मीले जानकारी दिएका छन् ।

पत्रकार महासंघ नवलपरासीको आतिथ्यमा हुन गई रहेका कार्यक्रममा स्थापना दिवसका अवसरमा सदरमुकाम परासीमा बिहान ७.३० बजे 'प्रभात फेरि' कार्यक्रम गरिने छ । त्यस लगत्तै रामग्राम स्तुपमा क्षेत्रमा क्रियाशिल व्यक्तित्वहरु, प्रदेश समितिका अध्यक्ष र महासचिव एंव जिल्ला शाखाका अध्यक्षहरुको सहभागिता रहने नेपाल पत्रकार महासंघका केन्द्रीय महासचिव रोशन पुरीले जानकारी दिएका छन् । लुम्बिनीमा हुने मिडिया सम्मेलनको आतिथ्यता पत्रकार महासंघको लुम्बिनी प्रदेश समितिले गर्ने छ भने त्यस कार्यक्रम सम्पन्न गर्न नवलपरासी, रुपन्देही, कपिलवस्तु र अर्घखाँची जिल्लालाई समन्वयकारी भूमिकाको जिम्मेवारी दिइएकोछ।

रामग्राममा हुने बैठक र लुम्बिनीमा हुने राष्ट्रिय सम्मेलनले बुद्धसँग सम्बन्धित दुई क्षेत्रको विकास र संरक्षणसँगै पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने अपेक्षा लिइएको छ।

» बाँकी ३ पेजमा

# जेठ दोस्रो साता बन्नेछ लुम्बिनीमा नयाँ सरकार



बुटवल । नयाँ गठबन्धन बनेपछि मुख्यमन्त्री हतारिका कांग्रेस संसदीय दलका नेता डिल्ली चौधरीले जेठ दोस्रो सातासम्म कुनुपर्ने देखिएको छ। वर्तमान सरकारले बैशाख १२ गतेभित्र विश्वासको मत लिनेछ।

विश्वासको मत नपाए पनि मुख्यमन्त्रीमा ठूलो दलको हैसियतमा लिला गिरी नै मुख्यमन्त्री चयन हुनेछन् । उनले फेरि ३० दिनभित्र विश्वासको मत लिदा वर्तमान विपक्षी गठबन्धनले जेठ दोस्रो साता मात्रै सरकार गठन गर्न सक्नेछ।

अहिलेको समिकरण कायम रहे लिला गिरीले विश्वासको मत हासिल गर्ने सम्भावना देखिँदैन । मुख्यमन्त्री गिरीलाई राजिनामा दिन दबाब दिने उद्देश्यले विपक्षी गठबन्धनले गत आइतबार सरकार गठनका लागि प्रदेश प्रमुख समक्ष हस्ताक्षर बुझाएका थिए । ती दलले नेपाली कांग्रेस संसदीय दलका नेता डिल्लीबहादुर चौधरीलाई मुख्यमन्त्री प्रस्ताव गरिसकेका छन् ।

उनीहरुको माग अनुसार तत्काल सत्ता परिवर्तनको सम्भावना कम भएको छ । प्रदेश प्रमुख निकट स्रोतका अनुसार कानून व्यवसायीसित परामर्श गरे पनि प्रदेश प्रमुख शेरचनले मुख्यमन्त्री गिरीलाई संविधानअनुसार ३० दिनभित्र विश्वासको मत लिने अवसर दिने भएका हुन् । गठबन्धनका ८ दलले ५४ जनाको हस्ताक्षरसहित बहुमतको दाबी गर्दै मुख्यमन्त्रीबाट गिरीलाई हटाएर तत्काल चौधरीलाई नियुक्त गर्न माग गरेका थिए।

दलहरुको मागपछि प्रदेश प्रमुख शेरचनले सोमबार कानूनविद्हरुसँग परामर्श गरेका थिए । परामर्शपछि संविधानको धारा १६८ को उपधारा ४ अनुसार ३० दिनभित्र विश्वासको मत लिने अवसर दिनुपर्ने निश्कर्षमा प्रदेश प्रमुख शेरचन पुगेको परामर्शमा सहभागी कानुनविदले बताएका छन्। विश्वासको मत लिने अवसर नदिई संविधानको धारा १६८ को २ अनुसार बनेको सरकार विघटन गरी सोही धाराअनुसार मुख्यमन्त्रीको आह्वान गर्नु संविधानविपरीत हुने र प्रदेश प्रमुख दल विशेषको भएको देखिने सुझाव पनि कानुनविदले दिएका छन्।

» बाँकी ३ पेजमा

# लुम्बिनीका पर्यटकीय क्षेत्र पुगेर फर्किए ओली

**कृष्ण पोखरेल**

*पाल्पा*

राजनीतिक कार्यक्रममा सहभागी हुँदै पूर्व प्रधानमन्त्री एवं एमाले अध्यक्ष केपी शर्मा ओली लुम्बिनी क्षेत्रका पर्यटकीय क्षेत्र पुगेर फर्किएका छन् । भैरहवाको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल ओर्लीएर उनले लुम्बिनीमा बुद्ध जन्मस्थलको दर्शन गरेका थिए।

लुम्बिनीमा उनले ध्यान केन्द्र र मायादेवीमा पुगे। त्यसपछि उनी कपिलवस्तुको तिलौराकोटमा भ्रमण गरे। तिलौराकोटबाट उनी अर्घाखाँचीको सुपादेउराली हुँदै सन्धिखर्क पुगे । सडक मार्गमार्फत उनी गुल्मीको पर्यटकीय स्थल रेसुंगा पुगे । धर्मपत्नीसहित आएका ओलीले पर्यटकीय क्षेत्रमा फोटो मात्रै खिचेनन् टिकटक समेत बनाउन भ्याए।

रेसुंगापछि उनले गुल्मीको रुरु क्षेत्रको भ्रमण गरे । रुरुबाट उनी पाल्पाको तानसेन आए। पाल्पामा बस्दा उनले प्रेमको प्रतिक रानीमहलको भ्रमण गरे । रानीमहल भ्रमणपछि बुधबार दिउँसो उनी बुटवलमा आयोजित विभिन्न कार्यक्रममा सहभागी बने । पूर्वप्रधानमन्त्री रही एकैसथा यतिधेरै पर्यटीय क्षेत्रको भ्रमण गर्ने ओली सम्भवतः पहिलो नेता बनेका छन्।

ओलीको भ्रमणले आन्तरिक पर्यटनमा टेवा पुग्ने व्यवसायीहरुले बताएका छन् । पार्टीको मिसन ग्रासरुट अभियान लिएर हिंडेका उनले कार्यकर्ताका घरघरमा पसेर समेत भेटघाट गरेका छन्।

मिशनग्रास रुट अन्तरगत पाल्पाका अगुवा कार्यकर्ताहरुलाई सम्बोधनको क्रममा पाल्पा आएका एमाले अध्यक्ष ओलीले ऐतिहासिक पाल्पा दरबार संग्रहालय र प्रेमको प्रतिक रानीमहल दरबारको अवलोकन गरेका छन्।

एमाले अध्यक्ष ओली दम्पत्तीसहित एमाले उप-महासचिव एमाले उप-महासचिव प्रदिपकुमार ज्ञवाली, स्थायी कमिटी सदस्य राजन भट्टराई, पोलिटिव्युरो सदस्य ठाकुर गैरेले प्रेमको



प्रतिक रानीमहलको अवलोक गरे। रानीमहल दरबारमा पुगेपछि एमाले अध्यक्ष ओलीले निकै आनन्द महशुस भएको बताए। १२५ वर्षअघि बनेको पुरातात्विक महत्वको दरबार, रानीको स्मरणमा कालीगण्डकीको किनारमा निर्माण भएको दरबार हेर्न लायक दरबार रहेको अध्यक्ष ओलीले बताए। रानीमहल आउँदा निकै आनन्द आएको छ, पहिले हेलिकोप्टरबाट हेरेको थिए, अहिले प्रत्यक्ष रुपमा हेर्न पाउँदा खुसी लागेको अध्यक्ष ओलीले बताए । रानीमहल आएपछि सबै किसिमको पिर चिन्ता हराउने प्राकृतिक सुन्दरताले भरिएको पाए, प्रेम गर्ने व्यक्तिहरुको लागि त रानीमहल तिर्थस्थल नै रहेको एमाले अध्यक्ष ओलीले बताए।

एमाले अध्यक्ष ओली दम्पत्तीले रानीमहल दरबार र पाल्पा दरबार संग्रहालयमा आफैंले टिकट काटेर अवलोकन गरेका थिए। एमाले अध्यक्षसहितको टोलीलाई रानीमहलमा तानसेन नगरपालिका, बगनासकाली गाउँपालिका र एमाले नागरिक उड्डयन तथा पर्यटन विभाग पाल्पाले सम्मान गरेको थियो।

» बाँकी ३ पेजमा




# सम्पादकीय

## पीडितलाई न्याय देऊ

यतिबेला गरिबिको रेखामुनी रहेका नेपाली जनताले बैंकमा सहज पहुँच राख्दैनन् । हुने खाने र टाठा बाठाले मात्र वित्तीय संस्था र बैंकमा पुगेर ऋण पाउँछन् । जोसँग सम्पत्ति छ, उनीहरुलाई नै वित्तीय संस्थाले ऋण पत्याउछ । जोसँग सजिलै ऋण असुल्न सकिन्छ, उनीहरुलाई नै वित्तीय संस्थाले लगानी गर्छन् । तर ठूलो संख्यामा रहेका आम नेपालीले वित्तीय संस्थामार्फत् कारोबार गर्दैनन् । उनीहरु समस्या समाधानका लागि ऋण लिन अनौपचारिक क्षेत्रमै सीमित छन् । उनीहरुले साहु कहलिएकाहरुसँग प्रचलित व्याजभन्दा निकै महँगोमा ऋण लिनु पर्ने बाध्यता छ ।

नेपाल संघीय संरचनामा गईसकेपछि तीन तहका सरकार देशमा क्रियाशिल छन् । संघीय, प्रदेश र स्थानीय सरकारले जनताका आवश्यकता हेरेर काम गर्ने गरेका पनि छन् । स्थानीय सरकारलाई गाउँको सिंहदरबार भन्ने गरिन्छ । जनतासँग सबैभन्दा बढी नजिक हुने सरकार पनि यही हो । तर यतिबेला सप्तरी, सिरहा, धनुषा, महोत्तरीलगायत जिल्लाका करिब सयजना निमुखा नागरिक ऋणको गलपासो तोडीपाउ भन्दै काठमाडौंको सिंहदरबार वरिपरि न्यायको भिख मागिरहेका छन् । बाह्र दिनसम्म पैदल हिंडेर उनीहरुले चक्रिय व्याजबाट छुटकारा पाउन सरकारसँग माग गरिरहेका छन् ।

मिटरव्याजीहरुले दिएको ऋणभन्दा कैयौ गुणा बढीको जाली तमसुक बनाएर गरिबलाई लुट्नुसम्म लुटेका छन् । त्यतिमात्र होइन, ऋण चुक्ता गरे पनि जाली तमसुक नच्याति निरन्तर व्याज असुली रहने, ऋणीको जग्गा दृष्टि बन्धक राखेर फिर्ता नगरी अन्य व्यक्तिलाई बेचेर उठिबास लगाउनेसम्मका अपराध मिटरव्याजीहरुले गर्ने गरेका छन् । ऋण दिएको भन्दा बिसौ गुणा बढीको फर्जी कागज गराएर निमुखा जनतालाई लुट्नेहरु अपराधी हुन् । र, उनीहरुले गरेको अपराध कर्मको सजाए पाउने गरी सरकारले मुलुकी अपराध संहिताको संशोधनमार्फत् कानून संशोधन गर्ने निर्णय गरेको छ, जुन निर्णय स्वागतयोग्य छ ।

मिटर व्याजकै कारण कैयौं ऋणीले आफ्नो घर, खेत, श्रीसम्पत्तिसमेत साहुलाई बुझाउन बाध्य छन् । त्यति मात्र होइन, मिटर व्याजीकै आतंकका कारण कैयौ नागरिकले आफ्नो इहलिला समेत समाप्त गर्न पुगेका छन् । अहिले आमसञ्चार माध्यममा आएका अनेक उदाहरणले नेपाली समाजमा मिटरव्याजको समस्या चर्को छ भन्ने स्पष्ट हुन्छ । यो समस्या मुलुकको कुनै एक क्षेत्र वा प्रदेशको मात्र नभएर देशभरिको समस्याका रूपमा देखिएको छ । समाजको यस्तो कुरीति नतोड्ने हो भने धेरै नेपाली घर न घाटको हुने निश्चित छ ।

विपन्न किसानहरुलाई यति ठूलो समस्या पर्दा बोल्न पर्नेहरु बोलिरहेका छैनन् । गरिब निमुखा जनताको भोटबाट राजकीय ठाउँमा पुगेकाहरु चुप छन् । गरिखाने जनताको लागि साहुले मिटर घुमेजस्तै व्याज लगाएर आफू घरबारविहीन हुनुभन्दा ठूलो पीडा अरु के हुन सक्छ ? किसानका नाममा राजनीतिक दलहरुका भातृ संगठनहरु छन् । तर यिनलाई किसानको पीर मर्काले छोएको छैन । योभन्दा लज्जाजनक कुरा के हुन सक्छ ?

खासमा राज्य चाहिने भनेको असहायहरुका लागि हो । गरिबहरुका लागि हो । राज्य वा सरकारको आवश्यकता अरुलाई नहुने भन्ने हाइन । तर दुखीहरुको सेवक बन्नु सरकारको जिम्मेवारी र कर्तव्य हो । ऋणीको जायजेथा कब्जामा लिने र ऋणको दुष्चक्रमा फसाई उठिबास लगाउने प्रवृत्ति अन्त्य गर्न सरकार चुक्नु हुँदैन । मुलुकका सातै प्रदेशमा गरी मिटरव्याजीविरुद्धमा झन्डै तीन हजार दुईसय थान उजुरी दर्ता हुनुले मुलुकमा यो समस्याको भयावह स्थिति रहेको प्रष्ट हुन्छ । त्यसैले कुनै पनि बहानाबाजी नगरी पीडित नागरिकलाई राज्यले न्याय दिनै पर्दछ ।

# नेपालमा क्रिकेटको इतिहास





सागर पी.एस.

क्रिकेटलाई थप लोकप्रिय बनाउनको लागि नेपालभर र विदेशमा रहेका नेपाली क्रिकेट प्रसंशकलाई क्रिकेटको बारेमा जानकारी गराउन र क्रिकेटमा हुने गरेको विवादहरु समर्थक समक्ष पुऱ्याउनको लागि सन २०१६ ताका भानु सिग्देलले नेपाल क्रिकेट समर्थक समाज (NCSS) जस्तो संस्थाको स्थापना गर्नु भएको थियो, उक्त संस्थाले नेपालका धेरै ज़िल्लाभित्र रहेका समर्थकलाई जुटाउन पनि जिल्ला कमिटीहरु गठन गरिएको छ ।

क्रिकेट खेल एक सय वर्ष पुरानो मानिएको भएता पनि राणाहरुले आफ्नो मनोरञ्जनको लागि टुँडीखेल तथा दरबारमा मात्र खेलेको पाइन्थ्यो । राणाशासन अन्त्यपूर्व राणाहरु आफ्नो आफन्त, दौतरी तथा ईस्टमित्र बाहेक अन्य आमनागरिकमा क्रिकेट पुगेको थिएन । श्री ३ चन्द्र शमसेरका छोरा मदन शमसेरलाई नेपाली क्रिकेटको पिता नै मानिन्छ ।

राणाशासनको अन्त्य पश्चात केहि हदसम्म नेपालका ठूला शहरमा मात्र न्यून मात्रमा क्रिकेट खेल्न सुरु भए पनि त्यति लोकप्रिय चाँहि भएको थिएन । वि.स. २०४४ मा नेपालले आइसीसीको सदस्यता र वि.स. २०४६ मा एसीसीको सदस्य भएको थियो ।

वि.स. २०५२ सालमा मलेसियामा भएको एसीसी ट्रफ़ीमा नेपालले आफ्नो पहिलो अन्तर्राष्ट्रिय खेल खेलेको थियो । जसमा जापान र बरूनाईलाई हराए पनि नेपाल समूह चरणबाट बाहिर भएको थियो । त्यसखेल पश्चात पनि केहि सिक्ने मौक़ा र धेरै अनुभव बटुल्दै खिलाडीले थप आत्मबल र हौसलाका साथ क्रिकेटलाई निरन्तरता दिइरहे ।

वि.स. २०५५ मा नेपालले पहिलो पटक अन्तर्राष्ट्रिय स्तरको एसीसी ट्रफी आयोजना गर्न पायो । जून त्रिभुवन विश्वविद्यालय तथा पुल्चोक इञ्जिनियरिङ कलेजको मैदानमा खेलाइएको थियो । यस प्रतियोगितामा पनि नेपालले सफलता पाउन नसके पनि उक्त मैदानको भने बेस्सरी तारीफ भयो ।

सन २००२/००३ यता नेपालले उमेर समूह तथा सिनियर समूह दुवैले क्रिकेटमा फड्को मारेको पाइएको छ । सरकारको न्यून लगानी, न्यून व्यवस्थापन तथा न्यून ज्यालाका बावजूद पनि क्रिकेटले यसरी सफलता पाउदै गयो कि नेपालमा क्रिकेटको प्रशंसक तथा लोकप्रियता ह्वात्तै नै बढ़ेको पाइएको छ ।

राजु खड़काले भूटानविरुद्ध हानेको आक्रामक शतक, मेहबुब आलमले मोज़ाम्बिकविरुद्ध लिएको एक खेलमै १० विकेट, म्यानमारलाई मात्र २ बलमा जितेको तथा करण केसीले क्यानडाविरुद्ध खेलेको त्यो इनिंग जसले नेपाललाई पहिलो पटक एकदिवसीय मान्यता प्राप्त गराएको इतिहास कहिले मेटिने छैन ।

क्रिकेटको सफलतासँगै सन २०१४ मा नेपालले टी-ट्वान्टी विश्वकपमा हङकङ तथा अफगानिस्तानलाई हराएर सनसनी मच्याउँदै संसार सामू आफूलाई चिनाएको थियो । क्रिकेट सँगसँगै प्रसंशक तथा समर्थकको पनि उत्तिकै भूमिका रहेको हुन्छ ।

क्रिकेटलाई थप लोकप्रिय बनाउनको लागि नेपालभर र विदेशमा रहेका नेपाली क्रिकेट प्रसंशकलाई क्रिकेटको बारेमा जानकारी गराउन र क्रिकेटमा हुने गरेको विवादहरु समर्थक समक्ष पुऱ्याउनको लागि सन २०१६ ताका भानु सिग्देलले नेपाल क्रिकेट समर्थक समाज (NCSS) जस्तो संस्थाको स्थापना गर्नु भएको थियो, उक्त संस्थाले नेपालका धेरै ज़िल्ला भित्र रहेका समर्थकलाई जुटाउन पनि जिल्ला कमिटीहरु गठन गरिएको छ ।

नेपालको क्रिकेट गतिविधि, क्रिकेट क्यालेंडर, खिलाडीको अवस्थाको बारेमा अझैं पनि NCSS NEPAL ले जानकारी दिँदै आएको छ । नेपालले विवादित भए पनि केही मात्रामा विदेशी खिलाडी सम्मिलित लीग खेलहरू खेलाउँदै आएको छ । उक्त खेलबाट नेपाली खिलाडीले अनुभव तथा केही सिक्ने मौका अवस्य जूरेको छ ।

नेपालमा खेलाडीको लागि सेवा सुविधा, आकर्षक तलब, उज्जवल भविष्य नभएको कारण कतिपय खिलाडी क्रिकेट छोडेर अन्य व्यवसायमा तथा विदेश पलायन भएका छन् । सरकारले पहिला त्यति चासो नदीए पनि अहिले भने सेवा सुविधामा केही मात्रामा सहज भने बनाएको छ ।

सन् २०१७ पश्चात खेलाडी बीच हुने गुटबन्दी, हाल खेलाडी विवाद आएको, निर्माणाधिन गौतमबुद्ध रंगशालाको काम रोकिएको कारण र नेपालको विगतमा खस्कदो प्रदर्शनले गर्दा नेपाली क्रिकेट र समर्थक निराश भएको पाइएको थियो । यस्तो अवस्था आयो कि क्रिकेटप्रति चासो नै रहन छोड्यो ।

कतिपय कोच आउने जाने मात्र रह्यो, हालका भारतीय मूलका नेपालका कोच मोंटी देसाई नेपाली क्रिकेटलाई अगाडि बढाउनको लागि महत्वपूर्ण भूमिका खेल्दै सफलता दिलाएका छन् ।

यू १९ विश्वकप छनोट खेलमा यु ए ई लाई हराएर विश्वकप खेल्नलाई छनोट भएको जुनियर टिम तथा विश्वकप लीग-२ अन्तर्गत नेपालले १२ खेलमा ११ खेल जीतेमा विश्वकप २०२४ ग्लोबल छनोट खेलमा पुग्न पाउने स्थिति आएको थियो ।

उक्त प्रतियोगिताको नेपालले चमत्कारिक खेल देखाउँदै १२ खेलमा ११ खेलमा विजयी भएर ग्लोबल छनोट खेलमा छनोट भएसँगै समर्थक र खेलाडी तथा देशभर नै रौनक़ छाएको छ । यु ए ई विरुद्धको त्यो अन्तिम खेल हेर्न हजारौ दर्शक खेल मैदानमा उर्लिएका थिए । केही समर्थकको अराजक गतिविधिले गर्दा नेपालमा हुने प्रतियोगिता नै धरासायी हुने सम्भावना आउन सक्ने भएको हुनाले दर्शक पनि संयम हुनु अति नै आवश्यक हुन्छ । उक्त खेलमा दर्शकको कारण नेपाली प्रसंशक र नेपालमा क्रिकेटको लोकप्रीयताको व्याख्या विश्वस्तरका क्रिकेट समुदायले नै गरिरहेका छन् ।

अब आउँदो एसियाकप छनोट पनि नेपालको मैदानमा हुने भएको छ । १० रास्ट्र सम्मिलित उक्त खेलमा नेपाल विजेता भएमा यही वर्ष पाकिस्तानमा हुने एसिया कपमा छनोट भै रावलपिंडी, मुलतान, कराची, इस्लामाबाद जस्ता ठूला शहरको रंगशालामा खेल्ने अवसर प्राप्त गर्ने छ ।

नेपालमा ३/४ वटा रंगशाला भएमा पाकिस्तानमा सुरक्षाको कारण जान नसकेका अन्य टिमसँगको खेल नेपालमा खेलाउन सकिने प्रचुर सम्भावना छ भने एसिया कप तथा विश्वकप पनि नेपालमा नै खेलाइने अवस्था आउन सक्छ । सरकारले रंगशाला, खेलाडीलाई सेवा सुविधा तथा वर्षेनी विभिन्न लीग खेलप्रति चासो दिलाउन सहकार्य गर्न आवश्यक छ । नेपाली क्रिकेटलाई यहाँसम्म ल्याउनलाई अहम भूमिका खेलेका र सन्यास लिइसकेका राजु खड्का, शक्ति गौचन, पारस खड्का, विनोद दासजस्ता खेलाडीलाई नेपालीले कहिले पनि बिर्सने छैनन् ।


आगामी दिनमा नेपाली क्रिकेटको विकाश तथा आउँदो पुस्ताको लागि क्रिकेटलाई भविष्य बनाउनको लागि सबै जनस्तरबाट सहयोग तथा सुझावको व्यवस्था हुनपर्ने देखिएको छ ।

अब आउँदो नेपालको खेलले सफलता पाओस् र खेल जगतमै फड्को मार्ने सम्भावना सहित सबै खिलाडीलाई र खेलप्रेमीलाई उच्च मनोबलको साथ मैदानमा उत्रिएर खेल्न र समर्थन गर्न सुझाव दिँदै आगामी दिनहरू सन्तुष्टिपूर्ण हुनेछन् भनी शुभकामना छ !

जय नेपाली क्रिकेट

लेखक नेपाल क्रिकेट समर्थक समाज, रुपन्देही जिल्ला सदस्य हुन् ।

# काउलीका फाइदा र खाने विधि



काउली खानु क्यान्सरबाट बच्ने एउटा उत्तम उपाय हो । काउली खानाले क्यान्सरका कोषहरू बनेका छन् भने पनि त्यसलाई वृद्धि हुन नदिई त्यहीँ निष्कृय पार्छ । यसमा पाइने 'ग्लुकोसिनोलेट' र 'सल्फोराफेन'ले क्यान्सर लाग्न सक्ने तन्तुहरूलाई हटाउन महत्वपूर्ण भूमिका खेल्छन् । यसमा पाइने अन्य तत्वले डीएनएको मर्मत गरी क्यान्सर रोग लगाउने कोषहरू बढ्नबाट रोक्छ ।

काउलीले फोक्सो, स्तन, आन्द्रा, डिम्वाशय र मुत्रथैलीको क्यान्सरबाट बचाउन पनि मद्दत गर्दछ । फ्रेड हचिन्सन क्यासर रिर्सच सेन्टरमा भएको अध्ययनले काउलीजस्ता हरियो सागपातको दैनिक प्रयोगले प्रोस्टेट क्यान्सर हुने सम्भावना लगभग आधा घटाउँछ ।

अध्ययन अनुसार काउलीमा 'इन्डोल-३-कार्विनोल' र योभन्दा सशक्त 'डाइ-इन्डोमिथेन' नामक रसायनहरू हुन्छन् जसले क्यान्सरसँग लड्न र क्यान्सरका कोषको वृद्धि हुन रोक लगाउँछ ।

जति धेरै काउली आफ्नो खानामा भयो उति नै राम्रो । एक अध्ययनले त हप्तामा धेरै काउलीको खपत गर्ने महिलाको स्तन क्यान्सर हुने सम्भावना ७२ प्रतिशतले कम देखाएको छ ।

**खाने विधि**

काउलीलाई सुरुमा राम्रसँग पाखाल्नुपर्छ । दुई घण्टाजति सफा पानीमा डुबाउने र त्यसपछि मात्र खानका लागि तयार गर्न सकिन्छ ।

अध्ययनहरूले के देखाएका छन् भने, काउलीलाई धेरै पकाएमा यसमा पाइने क्यान्सरविरुद्ध लड्ने तत्वहरू नाश हुने सम्भावना रहन्छ । विज्ञहरू यसलाई काँचै खान सल्लाह दिन्छन् । विज्ञहरुको सुझाव छ- 'काउलीलाई एउटा नुनपानी भएको भाँडामा करिब चार घन्टा जति डुबाउने र चिसो पानीले मज्जाले पखालेर खाने ।'

यसलाई लेदो बनाएर पनि अन्य विभिन्न परिकारको मिश्रण गरेर खान सकिन्छ । साथै सलादका रूपमा यसको प्रयोग धेरै नै उत्तम हुन्छ ।

काउलीलाई काटेर नुनको पर्याप्त मात्रा मिलाई मजाले थिचेर बोतलमा राख्दा यसबाट निस्केको रसले विस्तारै अमिलोपना विकास गर्छ ।

चारदेखि सात दिनभित्र यसरी राखिएको काउली खानका लागि उपयुक्त हुन्छ । यसरी राखिएको काउलीमा क्यान्सरविरुद्ध लड्ने रसायनहरूको राम्रो विकास हुन्छ र शरीरलाई फाइदा गर्छ ।

**अन्य फाइदा**

काउलीले हड्डी दह्रो बनाउन पनि मद्दत गर्छ । एलर्जी हुने सम्भावना कम गर्छ र पाचन प्रणालीलाई राम्रो बनाउँछ । यसले मुटुमा लाग्ने रोगहरूबाट बच्न पनि त्यत्ति नै मद्दत गर्दछ । काउली भिटामिन 'के' र 'सी'को मुख्य स्रोत हो । एक बटुका काउली मात्र खपत गर्दा शरीरलाई चाहिने ९१ प्रतिशत भिटामिन 'के' र ५० प्रतिशत भिटामिन 'सी' उपलब्ध हुन्छ । साथै, काउलीबाट राम्रो मात्रामा रेसा र शरीरलाई चहिने अन्य महत्वपूर्ण तत्वहरू पनि पाइन्छ ।

एजेन्सीको सहयोगमा

# नेप्सेमा झिनो अङ्कको सुधार

काठमाडौं । बुधबार पूँजीबजारमा झिनो अङ्कको सुधार देखिएको छ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक एक दशमलव ०२ अङ्कले बढेर एक हजार नौ सय १९ दशमलव ४२ अङ्क कायम भएको छ ।

दुई सय ५८ वटा कम्पनीको २५ लाख ३९ हजार ४८ कित्ता शेयर २५ हजार चार सय १३ पटक खरिदबिक्री हुँदा कारोबार रकम रु ८१ करोड ६२ लाख १९ हजारमा खुम्चिएको छ ।

कारोबारमा होटल तथा पर्यटन समूहको उपसूचक सबैभन्दा धेरै ४१ दशमलव ७१ र निर्जीवन बीमा समूहको उपसूचक १८ दशमलव ६६ अङ्कले बढेको छ ।

त्यस्तै, लगानी समूह शून्य दशमलव १४, लघुवित्त समूह छ दशमलव ५४ र अन्य समूह सात दशमलव ५८ अङ्कले बढेको छ ।

उपसूचक घट्नेमा सबैभन्दा धेरै जीवन बिमा समूहको उपसूचक ४४ दशमलव ७९ र व्यापार समूहको उपसूचक १९ दशमलव ०७ अङ्कले घटेको छ । त्यस्तै, बैंकिङ समूह शून्य दशमलव १५, विकास बैंक समूह १५ दशमलव ७८, वित्त समूह पाँच दशमलव ६१, जलविद्युत् समूह एक दशमलव ०९, उत्पादन तथा प्रशोधन समूह तीन दशमलव ९३ र म्युचुअल फन्ड समूह शून्य दशमलव ०२ अङ्कले घटेको छ ।

सुपरमाई हाइड्रोपावर लिमिटेड र कालीञ्चोक दर्शन लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने खप्तड लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य सबैभन्दा धेरै चार दशमलव ४१ प्रतिशतले घटेको छ ।

एनआइसी एसिया लिमिटेडको सबैभन्दा धेरै रु तीन करोड ५६ लाख ९५ हजार बराबरको शेयर कारोबार भएको छ ।

कारोबार भएका शेयर संख्याका आधारमा ग्लोबल आईएमई बैंक प्रमोटर शेयर एक लाख पाँच हजार एक सय ५२ कित्ता खरिदबिक्री भएको छ । रासस

# नेपाल–भारत सीमा समन्वय बैठक

भैरहवा । नेपाल-भारत सीमा समन्वय बैठक भारतको नौतनवामा रहेको ६६औँ गण एसएसबी क्याम्प कार्यालय महाराजगञ्जमा मङ्गलबार सम्पन्न भएको छ ।

बैठकमा सीमामा शान्तिसुरक्षा, एकीकृत जाँचचौकी (आइसिपी) निर्माण, दशगजा क्षेत्रमा रहेका सीमा स्तम्भको नियमित मर्मत, मानव बेचबिखन, लागुऔषध तथा अन्य वस्तुको तस्करी नियन्त्रणलगायतका विषयमा छलफल भएको रुपन्देहीका सहायक प्रमुख जिल्ला अधिकारी रामचन्द्र अर्यालले बताए । उनले दुई देशबीच व्यापारको दृष्टिकोणले महत्वपूर्ण रहेको आइसिपी निर्माणमा देखिएको अस्पष्टता विषयमा बैठक केन्द्रित रहेको बताए ।

बेलहियामा निर्माणको क्रममा रहेको आइसिपीको ठेक्का प्रक्रिया सकिएको र केही दिनमै शिलान्यासको तयारी रहेको छ ।

यसका साथै बैठकमा भारतमा हुने आगामी नगरपालिकाका निकायको निर्वाचनमा नेपालको सहयोग विषयमा पनि छलफल भएको भारत महाराजगञ्जका प्रमुख जिल्ला अधिकारी सत्येन्द्र कुमारले जानकारी दिए ।

नगरपालिकाको निर्वाचनलाई मध्यनजर गर्दै सीमामा थप सतर्कता अपनाउन नेपाली पक्षसँग आग्रह गरेको र नेपाल प्रशासनले पूर्ण सहयोग गर्ने आश्वासन दिएको उनले बताए । रासस

# प्रांगारिक मल प्रयोग गर्न सुझाव

तुलसिपुर । तुलसीपुरमा माटोको जाँच गर्दा पिएच अम्लिय छ दशमलव तीन भन्दा कम रहेको पाइएकाले बालीमा प्राङ्गारिक मल प्रयोग गर्न सुझाव दिइएको छ । उपमहानगरपालिकाका विभिन्न स्थानको करिब सात सय ५० नमूनाको परीक्षण गर्दा माटोको अम्लियपन छ दशमलव तीन भन्दा कम रहेको पाइएको हो ।

तुलसीपुर उपमहानगरपालिका कृषि महाशाखा प्रमुख धनराज गौतमले अहिले तुलसीपुरका माटोको अम्लियपन छ दशमलव तीन भन्दा कम रहेकाले उत्पादन घटिरहेको भन्दै प्राङ्गारिक मल हाल्न सुझाव दिएको बताए । “अहिले तुलसीपुरको माटोको अम्लियपन घटिरहेको छ । यसले उत्पादन पनि घटिरहेको छ ।”-उनले भने ।

प्रमुख गौतमले माटोमा नाइट्रोजन, प्राङ्गारिक पदार्थ, फसफोरसको मात्रा कमी रहेको पाइएको बताए । पोटासको मात्रा मध्यम रहेकाले सिफारिस गरेको मात्राका आधारमा मात्रै प्रयोग गर्नुपर्ने उनको भनाइ छ । प्रमुख गौतमका अनुसार जति सिफारिस गरिएको छ, त्यति मात्रै चुन प्रयोग गर्नुपर्ने, प्राङ्गारिक मल एक हजार केजी प्रतिकट्ठा मात्रै प्रयोग गर्नुपर्छ । “बिरुवालाई विभिन्न १६ खाद्य तत्व आवश्यक पर्छ, तर रासायनिक मलले तीन किसिमका तत्व मात्रै प्रदान गर्ने भएकाले प्राङ्गारिक मलको प्रयोग बढाउनुपर्ने छ ।”- उनले भने ।

उपमहानगरपालिकाका १९ वटै वडामा माटोको परीक्षण गरिएको हो ।

माटोमा अम्लियपन बढाएर छ दशमलव पाँच पुऱ्याउनका लागि प्राङ्गारिक मल हाल्न सुझाव दिएको हो ।

**लुम्बिनीमा...**

बुद्धले बुद्धत्व प्राप्ती गरेपछि बुद्ध भएको र बुद्धको भौतिक अस्तु रहेको एक मात्र रामग्राम स्तुप भएकाले ऐतिहासिक, पुरातात्विक तथा धार्मिक दृष्टिकोणले लुम्बिनी पछिको दोस्रो स्थलका रुपमा परिचित रहेको छ ।

रामग्राम नगरपालिका-७ को उजैनीमा रहेको स्तुपमा विश्वको एक मात्र ठाउँमा रहेको बुद्धको अस्तु रहेको छ केन्दीय समितिको बैठक अघि रामग्रामको चिनारी प्रस्तुत गरिने शाखा सदस्य विकास अधिकारीले जानकारी दिएका छन् ।

**पत्रकारका सदस्यता शुद्धीकरण प्रमुख एजेण्डा**

नेपाल पत्रकार महासङ्घले लुम्बिनीमा आयोजना गर्न लागेको राष्ट्रिय मिडिया सम्मेलनमा सदस्यता शुद्धीकरणलाई प्रमुख एजेण्डाको रुपमा अगाडि सारिएको छ । यही चैत १७ गते लुम्बिनीमा आयोजना गरिने सम्मेलनमा सदस्यता शुद्धीकरण, पत्रकारका समस्या र मिडियामा देखिएको आर्थिक सङ्कट तथा पत्रकारितासँग सम्बन्धित कानूनका विषयलाई प्रमुख एजेण्डाको रुपमा अगाडि सारिने बुधबार बुटवलमा आयोजना गरिएको पत्रकार सम्मेलनमा नेपाल पत्रकार महासङ्घका अध्यक्ष विपुल पोखरेलले बताए ।

“महासङ्घमा सदस्यता शुद्धीकरणको मुद्दा सधैँ उठ्ने गरेकाले सदस्यताको प्रारम्भ र अन्त्यसम्म शाखाको भूमिका हुन्छ”, उनले भने-“शाखाले नै निर्णय लिनसक्ने हो भने केही न केही गर्न सकिन्छ भन्ने हाम्रो विश्वास हो ।’ पत्रकारको समस्या र मिडियामा आर्थिक सङ्कटका सम्बन्धमा पनि कुरा उठाइने अध्यक्ष पोखरेलले बताए ।

पछिल्लो समयमा मुलुकमा आर्थिक सङ्कट सिर्जना भएको र त्यसकारण वा अन्य कारणबाट पत्रकारमा परेको समस्या पहिचान गरिने र समाधानका लागि पहल गरिनाका साथै मिडिमा उत्पन्न आर्थिक सङ्कट समाधानका लागि के गर्न सकिन्छ भन्नेबारे समेत खोजी गर्न लागिएको उनको भनाइ थियो । यसैगरी अहिले सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट पत्रकार र मिडियासँग सम्बन्धित विधेयक तयार गर्न लागिएको र कतिपय विधेयक तयार भइसकेकाले तयार भइसकेका विधेयकका पत्रकारको हित विपरीतका विषय केलाउने र तयार हुने क्रममा रहेका विधेयकलाई कसरी पत्रकार र मिडियामैत्री बनाउन सकिन्छ भन्ने विषयमा बहस गरिने अध्यक्ष पोखरेलले उल्लेख गरे । उक्त सम्मेलनमा ४० शाखाका अध्यक्ष, प्रदेश समितिका अध्यक्ष र महासचिव, केन्द्रीय समितिका पदाधिकारी तथा सल्लाहकार, मिडिया क्षेत्रका विज्ञ, प्रतिनीधिमूलकरुपमा मिडियाका लगानीकर्ता र सरकारी निकायका प्रतिनिधि गरी दुई सय भन्दा बढीको सहभागिता रहने भएको छन् ।

सूचना तथा सञ्चारमन्त्री रेखा शर्मा प्रमुख आतिथि रहनुहुने उक्त सम्मेलनमा सङ्घीय सरकारका अन्य मन्त्रीहरु तथा लुम्बिनी प्रदेशका मुख्यमन्त्री पनि सहभागी हुनुहुने महासचिव रोशन पुरीले जानकारी गराए ।

नेपाल पत्रकार महासङ्घको बिहीबार ६८औँ स्थापना दिवस मनाइँदै छ । महासङ्घले यस पटक उपत्यका बाहिर स्थापना दिवस मनाउने तयारी गरेको हो । स्थापना दिवसका अवसरमा भोलि बिहानै परासीमा प्रभातफेरि कार्यक्रम दिउँसो पूर्ण बैठक र साँझ गौतमबुद्धको जन्मस्थल लुम्बिनीमा दीप प्रज्ज्वलन गरिने गरिने उनले जानकारी गराए । स्थापना दिवसकै अवसर पारेर लुम्बिनीमा राष्ट्रिय मिडिया सम्मेलन गर्न लागिएको हो । पत्रकार सम्मेलनमा महासङ्घका जिल्लाशाखा अध्यक्ष रामराज पोखेलले सदस्यता शुद्धिकरणको अभियानमा जिल्ला शाखा महासंघसँगै रहेको बताए । राष्ट्रिय मिडिया सम्मेलनको मूल समारोह लुम्बिनी बौद्ध विश्वविद्यालयको सभाहलमा हुने महासचिव पुरीले जानकारी दिए । उद्घाटन कार्यक्रममा सञ्चारमन्त्री रेखा शर्मा, संस्कृति मन्त्री सुदन किरातीलगायतका व्यक्तिहरुको सहभागिता रहनेछ ।

**लुम्बिनीका...**

अध्यक्ष ओलीसहित पत्नी राधिका शाक्य, एमाले उप-महासचिव प्रदिपकुमार ज्ञवाली, स्थानीय कमिटी सदस्य राजन भट्टराईलगायतको टोलीले पाल्पाको ऐतिहासिक दरबार संग्रहालय अवलोकन गरेका हुन् । लुम्बिनी प्रदेशसहित देशको ऐतिहासिक चिजहरुको हेर्न पाल्पा दरबार संग्रहालय पुग्नु पर्ने एमाले अध्यक्ष ओलीले बताए । रानीमहल दरबवार राणा खड्ग शमशेरले रानी तेजकुमारीको सम्झनामा निर्माण गरेका हुन् । रानीमहल दरबार विसं. १९४९ देखि निर्माण सुरु गरी १९५४ निर्माण कार्यपूरा भएको थियो । रानीमहल दरबार कालीगण्डकी नदीको किनारामा २४ रोपनी क्षेत्रफलमा फैलिएको छ । रानीमहल दरबारलाई नेपालको एक सय पर्यटकीय गन्तव्यको रुपमा रहेको छ भने लुम्बिनी प्रदेश सरकारले प्रमुख पर्यटकीय गन्तव्यको रुपमा राखेको छ ।

**जेठ दोस्रो...**

आफू संविधानको भावना र मर्मभन्दा बाहिरबाट नचल्ने अडान राख्दै आएका प्रदेश प्रमुख शेरचनले दलहरुले ५४ जनाको हस्ताक्षरसहित बुझाएको निवेदन पनि कार्यालयमा दर्ता गरेका छैनन् । स्रोतकाअनुसार सरकारको समर्थन फिर्ता लिएका दलहरुको निवेदन आइतबार नै दर्ता भएका छन् । तर, मुख्यमन्त्री नियुक्तिको निवेदन मंगलबारसम्म पनि दर्ता भएको छैन ।

‘अब दर्ता हुने सम्भावना देखिँदैन ।’- स्रोतले भन्यो । दलहरुको निवेदन नै दर्ता नभएपछि संविधानअनुसारका प्रक्रिया पूरा गर्दा लुम्बिनीमा बैशाख ११ गतेपछि मात्र सरकार फेरिने सम्भावना छ । मुख्यमन्त्री गिरीले राजीनामा दिने सम्भावना न्यून छ ।

## मोटरसाइकल हराएको सूचना !

मेरो निम्न व्यहोराको मोटरसाइकल मिति २०७९/११/१३ गते राति ८.०० बजे भैरहवा डाँडागाउँमा पार्किङ्गमा रहेको अवस्थामा हराएको हुदाँ फेला पार्नुहुने महानुभावहरूले नजिकको प्रहरी चौकी, प्रहरी कार्यालय बुझाई दिनुहुन वा मेरो निम्न ठेगाना र मेरो मोबाईलमा नम्बर, ठेगाना सम्पर्क गरिदिनु हुन विन्रम अनुरोध गर्दछु ।

**नामः–** अमन श्रेष्ठ
**ठेगाना –** बुटवल-५, रुपन्देही
**मोटरसाइकल नं.ः–** बागमती प्रदेश नं. ०६०१ प ४७३६
**सवारीको मोडलः–** KTM 200 Duke ( Black and white)
**च्यासिस नं.ः–** M02JPCXL3MC049838
**इन्जिन नं.ः–** M-936-25734
**बनेको सालः–** २०२१
**सम्पर्क नं.ः** ९८०५४०२०२२

## क्यान्सर, मुटुरोग र मधुमेहजस्ता नसर्ने रोगहरूको जोखिमलाई कम गर्न निम्न कुराहरू दैनिक जीवनमा अपनाऔं ।

१ दैनिक ३० मिनेटको सक्रिय शारीरिक क्रियाकलाप गरौं ।
२ गुलियो, चिल्लो र नुनिलो खानेकुरा कम खाउँ ।
३ बजारमा पाइने पत्रु खाना (जंक फुड) र पेय पदार्थ नखाउँ ।
४ मदिरा, धुम्रपान तथा सुर्तिजन्य पदार्थको सेवन नगरौं ।
५ हरियो सागसब्जी, तरकारी र फलफुल प्रशस्त मात्रामा खाऔं ।
६ दिनमा कम्तिमा २ देखि ३ लिटर पानी पिउने बानी गरौं ।
७ नियमित स्वास्थ्य जाँच गरौं ।
८ मोटोपन घटाउँ, आयु बढाउँ ।

**स्वास्थ्य कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) को जनहितमा जारी सन्देश**

## सरुमारानी गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय

बड्डाँडा, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

**विषय : सूचना सच्चाईएको सम्बन्धमा**

**प्रकाशित मिति :** २०७९/१२/१६

उपरोक्त सम्बन्धमा यस कार्यालयबाट मिति २०७९/१२/१० गते वर्ष ३५, अंक ८७, दैनिक लुम्बिनी राष्ट्रिय दैनिक पत्रिकामा वन प्राविधिक करारमा पदपूर्ति गर्ने सम्बन्धी प्रकाशित सूचना अनुसार वन प्राविधिक पदको लागि तह, अधिकृतस्तर छैठौं हुनुपर्नेमा भुलवस सहायक स्तर छैठौं हुन गएकोले उक्त पद अधिकृत स्तर छैठौं तह भएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

## Bhumikasthan Municipality
### Office of Municipal Executive
### Nuwakot, Arghakhanchi

# Invitation for Bids

**Date of publication: 30-03-2023 (2079/12/16)**

1. Bhumikasthan Municipality invites electronic bids from Nepalese eligible bidders for the following works. Under National Competitive Bidding procedures.
2. Bidders may obtain further information and inspect the bidding document may visit PPMO website www.bolpatra.gov.np/egp.and download the bidding documents for e-submission from PPMO's Web Site www. bolpatra.gov.np./egp,.
3. Bidders, submitting their bid electronically, should deposit the costNRs.1000/- of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

**Information to deposit the cost of bidding document in Bank:**
Name of the Bank: Parbhu Bank Ltd.
Name of Office: Bhumikasthan Municipality Office
Office Account no: 2587086986800138
**Information to deposit the BID Security Amount in Bank:**
Name of the Bank: Parbhu Bank Ltd.
Name of Office: Bhumikasthan Municipality Office
Office Account no: 2587086986800048

4. Pre-bid meeting shall be held at **Bhumikasthan Municipality, office of the Municipal Executive, Nuwakot, Arghakhanchi**at**1:00 pm** on **9 March, 2023 (2079-12-26).**
5. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp..Bids received after this deadline will be rejected. Bid Purchasing, submission and other bidding process option should be done according to Bid Document.

**Bidders other details are as given below:**

| Tender No. | Name of Project | Bid Price | Estimate cost (Inclusive of VAT and Contingency) | Bid Security Amount In NRs | Bid security valid period | last date of Bid purchase | last date of Bid submitted | Bid Open |
|---|---|---|---|---|---|---|---|---|
| 33/BMA/W/ DPP/079/80 | Durbang Tourism Infrastructure Development Works | NRs. 1000.00 (Not Refundable) | 1499934.86 | NRs. 37000 | 75 | 13-04-2023 (2079-12-30) | 14-04-2023 (2080-01-01) 12:00 noon | 14-04-2023 (2080-01-01) 1:00 PM |
| 34/BMA/W/ UPG/2079/080 | Sursing Saldanda Motorable Road Upgrading Works. | NRs. 1000.00 (Not Refundable) | 499990.00 | NRs. 12500 | | | | |
| 35/BMA/W/ RM/2079/080 | Lattebanjh Chiuramati Siudeni Motorable Road Maintenance. | NRs. 1000.00 (Not Refundable) | 10511997.5 | NRs. 26500 | | | | |
| 36/BMA/W/ RM/2079/080 | Sursing Moulabot Motorable Road Maintenance. | NRs. 1000.00 (Not Refundable) | 1049938.2 | NRs. 26500 | | | | |
| 37/BMA/W/ RM/2079/080 | Archaldi Setipokhari Banduka Motorable Road Maintenance. | NRs. 1000.00 (Not Refundable) | 1049974.9 | NRs. 26500 | | | | |
| 38/BMA/W/ RM/2079/080 | Partakhola Okhate Samnegaun Motorable Road Maintenance. | NRs. 1000.00 (Not Refundable) | 1049812.1 | NRs. 26500 | | | | |
| 39/BMA/W/ RM/2079/080 | Kuchurepani Tharpaila Raikhanne Motorable Road Maintenance. | NRs. 1000.00 (Not Refundable) | 1049863.4 | NRs. 26500 | | | | |
| 40/BMA/W/ RM/2079/080 | Bhatti Moulabot Khakabesi Motorable Road Maintenance. | NRs. 1000.00 (Not Refundable) | 1049956.2 | NRs. 26500 | | | | |

6. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
7. Other details are available on the **E-Procurement Section** of PPMO Web Site www.bolpatra.gov.np/egp and Bhumikasthan municipality Office web site: www.bhumi8kasthanmun.gov.np

## Lumbini Buddhist University
Lumbini, Nepal

**Invitation of Sealed Quotation for Installation of Centralized Account Management System (CAMS) Software**

**Sealed Quotation No: 03/2079/80**
**Date of first Publication: 2079/12/16**

1. Central Office, Lumbini Buddhist University invites sealed quotations from registered Suppliers for the Installation of Centralized Account Management System(CAMS) Software.
2. Interested eligible firms may obtain further information and inspect the sealedquotation form from the Central Office, Lumbini.
3. Sealed Quotation Forms can be purchased by eligible Suppliers on the submission ofa written application and payment of a non-refundable fee of Rs.1000.00. Bank deposit voucher should be submitted. Bank details: Account Name: Lumbini Buddhist University Fund Account number:04100105200312 Bank: Everest Bank Limited, Lumbini Branch.
4. Sealed Quotation can be purchased within 5:00 PM of 15th day from date of first publication of invitation. To purchase quotation, firm should submit tax clearance Certificate of FY 2078/79, a copy of VAT/PAN Registration, Company / Firm registration certificate. Firm can submit sealed quotation on 16th day of first publication of Invitation to sealed quotation before 12:00 noon.
5. Quotations must be valid for a period of 45 days after opening of Sealed quotationsand must be accompanied by Cash Security or Bank Guarantee, amounting toNRs.59,000.00, which shall be valid for 75 days after last day of bid submission.
6. If bidder wishes to submit the Cash Security, the cash should be deposited in CurrentAccount of Lumbini Buddhist University (A/C No. 1530088038200011 at Machchhapuchhre Bank Limited, Lumbini Branch) and submit the receipt of the deposited amount of cash along with theSealed Quotation.
7. Sealed Quotation shall be opened in the presence of Suppliers' representatives who choose to attend at 2:00 pm on 16th day of first publication of invitation to sealed quotation at the central office of Lumbini Buddhist University, Lumbini.
8. If the last date of purchasing, submission and opening falls on a government holidaythen the next working day shall be considered the last day.
9. The Purchaser reserves the right to accept or reject the Sealed Quotations without any reason.

**For further information:**
**Central Office, 071-404088**

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सम्पर्कः
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

# स्थानीय सहकारीमा छैनन् समस्या




भैरहवा । आर्थिक मन्दीका कारण सहकारीहरुमा समस्या देखिएको सहकारी सम्बद्ध संस्थाहरुले बताएका छन । आयतित सहकारीका कारण सहकारीमा दुर्घटना भएकोले र रुपन्देहीमा संख्यात्मक रुपमा बढ्दै गएकोले यसलाई रोक्नु पर्ने आवश्यकता रहेको बताए । सिद्धार्थनगर नगरपलिकाले भैरहवामा आयोजना गरेको सहकारीको समसामयिक विषयक अन्तरक्रियामा बोल्दै सहकारीका प्रतिनिधिहरुले आयतित सहकारीहरुको समस्याका कारण स्थानीय सहकारीहरु प्रति हेर्ने दृष्टिकोण फरक पाएको बताए ।

अनुगमन र निरिक्षण नभएका केन्द्र, प्रदेश र जिल्ला तहबाट अनुमति लिएका आयतित सहकारी मध्येकै सहकारीहरुमा अहिले संकट आएकोले नियमक निकाय जाग्नु पर्ने बताए । अनुगमनको पाटो हराएकोले विधि विधानअनुसार पहिला सहकारी डिभिजनमार्फत् हुँदै आएको नियमन अनुमति दिने निकायले गर्नु पर्ने आवश्यकता छ, अझैं एक वर्ष सहकारीमा चुनौती रहिरहन भएकोले कुनै पनि समय संकट आउने हुँदा सहकारीको मापदण्डमा रहेर नियमक निकायले नियमित रुपमा अनुगमन र निरीक्षण गर्नु पर्ने बताए ।

रुपन्देहीको सिद्धार्थनगरमा कार्यक्षेत्र भएका २८ वटा सहकारी सिद्धार्थनगरमा दर्ता भई सञ्चालन भए पनि कुनै सहकारीमा समस्या नआएको सहकारी शाखा प्रमुख कमलकान्त खनालले बताए । यहाँको सहकारीमा समस्या आएको छैन, हामी मातहतका सबै सहकारीको नियमन नियमित रुपमा भइरहेको खनालले जनाए ।

कार्यक्रममा बोल्दै सहकारीका प्रतिनिधिहरुले सञ्चालकहरुलाई लगानी नगर्ने गरी नीति बनाइनु पर्ने, एक सहकारी एक सदस्यको अवधारणा लागू गर्नुपर्ने, धैरै सहकारीबाट लगानी नगर्नुपर्ने, सहकारीका सञ्चालक सहकारीको सदस्यको भूमिकामा रहेको सम्झदै निर्णय लिनु पर्ने बताए ।

सहकारी बैक लि.का शाखा प्रवन्धक आलोक शिवाकोटी, ज्ञानु पौडेल, जिल्ला बचत संघ रुपन्देहीका अध्यक्ष बसन्तराज ढकाल, प्रदेश सहकारी संघका प्रकाश भट्टराई, प्रदेश बचत तथा ऋण सहकारी संघ लि. लुम्बिनी प्रदेशका अध्यक्ष कृष्ण नेपाल, राष्ट्रिय सहकारी विकास बोर्ड का कार्यकारी सञ्चालक सन्दिप सापकोटा, नगरपालिकाका आर्थिक विकास समितिका संयोजक वीरेन्द्रनाथ श्रीवास्तव, प्रमुख प्रशासकीय अधिकृत नवराज पौड्याल, राष्ट्रिय सहकारी महासंघ एवम् जिल्ला सहकरी संघ रुपन्देहीका अध्यक्ष भिमप्रसाद तुलाचनलगायतले बोल्दै शाखा खोल्ने सहकारीलाई वडा र पीलकाले सिफरिस र स्वीकृति दिएर मात्रै शाखा खोल्नु पर्ने, कार्य क्षेत्रमा काम गर्ने क्षमता भएको सहकारीलाई मात्रै स्वीकृत दिने व्यवस्था ऐनमा आउनु पर्ने, उद्देश्य विपरीत बैकहरु जस्तै बचत र लगानी मात्रै गरेकोले सहकारीहरु पनि मर्जरमा जानु पर्ने, पालिकाले आवश्यकताअनुसारको मात्रै सहकारीलाई अनमति दिई मर्जको लागि प्रोत्साहित गर्नु पर्ने बताए ।

कार्यक्रमको नगरप्रमुख इस्तियाक अहमद खानको अध्यक्षतामा भएको कार्यक्रमको संचालन सहकारी शाखा प्रमुख कमलकान्त खनालले गरेका थिए ।

# मौरीमा आत्मनिर्भर बन्दै मालारानीका कृषक



गुल्मी । मुसिकोट नगरपालिका-८ मालारानीका कृषक यतिबेला व्यावसायिक मौरीपालनबाट आत्मर्निभर हुन थालेका छन् । तीन वर्षअघि कृषि ज्ञान केन्द्रको सहयोगमा ‘सालीमे मौरी स्मार्ट कृषि गाउँ कार्यक्रम’ लागू भएपछि यहाँका कृषक व्यावसायिक मौरीपालनतर्फ उन्मुख बनेका हुन् ।

उक्त नगरपालिकाको वडा नं. ८ र ९मा सञ्चालित कार्यक्रममा यतिबेला ५० कृषक आबद्ध छन् । समूहमा आबद्ध भएर व्यावसायिक मौरीपालन गर्दै आएका कृषकको हरेक घरमा न्यूनतम आठदेखि एक सय ५० सम्म मौरीका घार छन् ।

मौरीपालक कृषकलाई व्यावसायिक बनाउँदै कृषकहरुको जीवनस्तर माथि उठाउने उद्देश्यले उक्त कार्यक्रम लागू गरिएको केन्द्रका प्रमुख नवराज भण्डारीले बताए । सो कार्यक्रमका लागि उक्त केन्द्रमार्फत चार वर्षको अवधिमा रु एक करोड २५ लाख अनुदान उपलब्ध गराउने भएकामा पहिलो वर्ष रु ५० लाख, दोस्रो वर्ष रु ३७ लाख रु ५० हजार, तेस्रो वर्ष रु २५ लाख र चौथो वर्ष रु १२ लाख ५० हजार मौरीपालक कृषकलाई अनुदान उपलब्ध गराउँदै आइएको छ ।

उक्त कार्यक्रमअन्तर्गत मौरी पकेट समूहका अध्यक्ष चुमा घर्तीमगरको दिन अहिले बिहानदेखि बेलुकासम्म मौरीसँग रमरै बित्ने गर्दछ । उनको घरमा अहिले एक सय ५० मौरीका घार छन् । उनले ती घारबाट एकै याममा छ क्विन्टलसम्म मह उत्पादन गर्दै आएका छिन् । चुमाजस्तै मालारानीका खुमकुमारी छन्तेल, मोहन छन्तेल र अर्लाङ्कोटका टोपनारायण खरेललगायत कृषकले पनि एकै याममा मह बिक्रीबाट जनही रु एक लाखभन्दा बढी आम्दानी गर्दै आएको जानकारी दिए । कृषि ज्ञान केन्द्रले समय समयमा कृषकलाई मौरीपालन गर्ने तरिकाका बारेमा जानकारी गराउनाका साथै मौरीमा देखिने रोगकीराको पहिचान तथा क्षमता अभिवृद्धिलगायत तालिम दिँदै आएको उक्त कार्यक्रमका संयोजक हरिप्रसाद आचार्यले जानाकारी दिए ।

मालारानीमा उत्पादित मह विभिन्न वनस्पति र फूलहरुको रसबाट उत्पादन भएको, विषादीरहित तथा प्राङ्गारिक भएका कारण पनि बजारमो धेरै माग हुँदै आएको छ । यहाँको मह स्थानीय बजारमा अहिले प्रतिकिलो रु एक हजार पाँच सयमा बिक्री हुँदै आएको छ । मालरानीलाई मौरीको पर्यटकीय गन्तव्य स्थलका रुपमा विकास गर्न यहाँका कृषकले आउँदो बैशाख ४ गते मह दिवस मनाउने भएका छन् । रासस

# बसाइसराईले रित्तिदै जैमिनीका गाउँ



बागलुङ । दुई वर्षअघि बस्तीमाथिबाट आएको पहिराले एउटै गाउँमा दुई जनाको ज्यान लियो । आठ घर पुरिए, दर्जन बढी घर जोखिममा परे । पहिराले आक्रान्त बागलुङको जैमिनी नगरपालिका-१ कुश्मीशेराको टुनिबोट गाउँमा ४५ घरपरिवार थिए । बसाइसराईले अहिले गाउँ नै रित्तिएको छ ।

सोही वर्ष जैमिनी-९ पैञ्युथन्थापको पिप्लेगाउँका सबै उठ्ने गरी पहिरो खस्यो, सात घरपरिवार जोखिममा परे । मानवीय क्षति नभए पनि अधिकांश घरको उठिबास लाग्यो । पैञ्युथन्थापकै घ्युरमा आएको पहिराले गाउँले विस्थापित बने ।

जैमिनैकै दमेक, जैदी र बिनामारेमा पहिराले धेरै धनजनको क्षति भयो । तत्कालका लागि पहिराले पुऱ्याएको क्षतिको राहत त पीडितले पाए, तर बाढीपहिरो, बाँदर र विकास अभावले भइरहेको बसाइसराईका दीर्घकालीन प्रभाव भने देखिन सुरु गरेको छ ।

प्राकृतिक प्रकोपका कारण भइरहेको बसाइसराईको एउटा ज्वलन्त उदाहरण हो जैमिनीको जनसंख्यामा आएको गिरावट । विसं २०७८ मा भएको राष्ट्रिय जनगणनाको तथ्याङ्कले यही उजागर गरेको छ ।

जैमिनीकै मुटु कुश्मीशेरामा रहेको शान्ति माध्यमिक विद्यालयको एसईई ब्याच २०६४ का एक सय बढी विद्यार्थीमध्ये अधिकांशले कक्षा १२ उत्तीर्ण गरेपछि जैमिनी छाडेका जैमिनी नगरपालिकाका उपप्रमुख हरिहर शर्मा बताउँछन् । शान्ति माविमा जैमिनीका अधिकांश विद्यार्थीले अध्ययन गर्थे । उच्च शिक्षाका लागि घर छाडेर हिँडेकामध्ये धेरैजसो गाउँ फर्किएनन् । युरोप, अमेरिका र देशकै ठूला सहरमा पुगेकाहरु उतै बसेका उनले बताए ।

रोजगारीका अवसर गाउँमा नहुनु, कृषि पेसाले मात्रै गुजारा नचल्नुलगायतन कारणले नगरको जनसंख्या घट्दो छ । राष्ट्रिय जनगणना २०७८ अनुसार जैमिनीमा दुई दशमलव ५३ प्रतिशत जनसंख्या ऋणात्मक रहेको छ । राष्ट्रिय जनगणना २०६८ अनुसार यहाँको जनसंख्या ३२ हजार ४६ रहेकामा १० वर्षपछि २४ हजार छ सय २८ मा झरेको छ । ऋणत्मक जनसंख्या हुनेमा फलेवास नगरपालिका पनि रहेको छ ।

“जनसंख्या धेरै घटेको पाइएको छ ।”- उपप्रमुख शर्मा भन्छन् । देश बाहिरभन्दा देशभित्रै बसाइँ सरेर जाने जैमिनीमा धेरै छन् । जैमिनीका स्वास्थ्य शाखा प्रमुख गोविन्द आचार्य बसाइँसराइसँगै जन्मदर घट्दा जनसंख्या घटेको बताउँछन् । जैमिनीमा एक प्रतिशतभन्दा कम जन्मदर रहेको तथ्याङ्कले देखाएको छ । रासस

# सोनालिकाको नयाँ सिरीजको हार्भेष्टर नेपालमा

भैरहवा । कृषि उत्पादनलाई यान्त्रीकरण मार्फत अत्याधुनिक बनाउँदै आएको सौरभ कृषि फर्मले नया सिरिजको हार्भेप्टर मेशिनको नेपालमा बिक्री समेत सुरु गरेको छ ।

विगत ६ वर्षदेखि फार्मले भारतिय कम्पनी सोनालिकाले उत्पादन गर्दै आएको विभिन्न कृषी उपकरणहरु देशभर बिक्री गर्दै आएको थियो । कम तेलमा बढी कार्य गर्ने क्षमता रहेको गहुँ, धान काट्ने यो यन्त्र फोर डब्लू डी र टु डब्लु डि गरी २ मोडलमा नेपाल भित्र्याइएको शौरभ इन्टरप्राइजेजका अध्यक्ष दिपक श्रेष्ठले जानकारी दिए ।

फोर डब्लू डीको ५१ लाख रुपैयाँ र टु डब्लु डिकी ४८ लाख रुपैयाँ मूल्य रहेको मेसिनले गहुँ तथा धान १ घन्टामा १ बिगाहामा काटने छ । डिजल इञ्जिनबाट चल्ने यो यन्त्रले १ घन्टामा ७ देखि नौ लिटर डिजल खपत गर्ने जुन अहिलेसम्मकै सबैभन्दा किफायती रहेको श्रेष्ठले बताए । यसमा शून्य मेन्टेनेन्स, इञ्जन र गियरबक्समा १ वर्षको वारेन्टी र धान, गहुँ कटानपछि १८ क्विन्टलसम्म राख्न मिल्ने टैंक रहेको छ । कटर ग्रेडर लगाएपछि धान, गहुँ बाहेक मकै अरहर, मसुरो, सूर्यमुखी सबै काट्न मिल्ने उनले जानकारी दिए ।

सौरभकृषि फार्म सोनालिकाको कम्बाइन्ड हारभेष्टरको नेपालका लागि एक मात्र सप्लायर्स हो जसले सर्भिस, सेल्स र स्पेयर्ससहित कृषकको घर घरमा गई सेवा प्रदान गर्दै आएको छ ।

कम्पनीले कृषि उपकरणहरु रोटाभेटर, कल्टिभेटर , लेजर लेबलर, धान थ्रेसर, गहुँ थ्रेसर, रिभसृबुल प्लाउड( जमिनलाई इन्चदेखि १८ इन्चसम्म खेतको माटोलाई तलमाथिलाई ल्याउन),धान मकै, उखु र अन्य बालीलगायतका वस्तु काटीसकेपछि आउने छ्वाली नलहरुलाई मसिनो तरिकाले काटी मल बनाउन मद्दत गर्ने स्ट्रारिभर (भुस मेशिन), गहुँ काटीसकेपछि गाईबस्तुलाई खुवाउन मिल्ने गरी बनाउने मेशिन, जिरी भेटर, धेरै मसिनो गरी जोत्नेलगायतका उपकरणहरु उपलब्ध गराउँदै आएको छ ।

# बिश्व हिन्दु महासंघको आठौं महासभा बुटवलमा

बुटवल । विश्व हिन्दु महासंघ, नेपाल राष्ट्रिय समितिको आठौं महासभा तथा अधिवेशन आगामी चैत्र २१ र २२ गते पश्चिम नवलपरासीको भुमही र बुटवलमा सम्पन्न हुने भएको छ । नेपाललाई सनातन हिन्दु राष्ट्र घोषणाको मागलाई विश्वव्यापी बनाउने अभियानसहित पहिलो दिनको महासभा भुमहीस्थित हिन्दु महासंघको केन्द्रीय भवन निर्माणस्थलमा आयोजना गरिँदै छ भने दोश्रो दिनको अधिवेशनलगायत बन्दसत्र बुटवलमा गर्ने निर्णय गएिको छ ।

आठौं महासभा तथा अधिबेशन भव्यरुपमा सम्पन्न गर्न आयोजित तयारी समितिको बुधबार बुटवलमा बसेको बैठकलाई सम्बोधन गर्दै विश्व हिन्दु महासंघ नेपालका अध्यक्ष डा. रामचन्द्र अधिकारीले नेपाल सनातन हिन्दु राष्ट्र घोषणा भएरै छाड्ने दृढता व्यक्त गरे । जनताको चाहाना र भावना विपरीत अनावश्यक रुपमा नेपालमा धर्म निरपेक्षता जबरजस्ती लादिएको दाबी गर्दै नेपाललाई राजनैतिक र सामाजिक रुपमा स्थिरता र मौलिक विकासका लागि सनातन हिन्दु राष्ट्र नेपाल घोषणा हुनपर्ने बताए ।

नेपाल राष्ट्रिय समितिका उपाध्यक्ष तथा लुम्बिनी प्रदेश अध्यक्ष बेनबहादुर पौडेल क्षेत्रीले विश्व हिन्दु महासंघको अभियानलाई साकार पार्न जस्तोसुकै आन्दोलन गर्नपनि तयार रहेको उल्लेख गर्दै राष्ट्र विरोधी देशी विदेशी शक्तिको ईसारामा मुलुकलाई अराजकता र अस्थिरता तर्फ धकेल्ने काम भैरहेको आरोप लगाए । केन्द्रीय उपाध्यक्ष दधिराम शर्मा बस्याल, सचिव देवराज भण्डारी, केन्द्रीय सदस्य तथा वडाध्यक्ष डिल्लीप्रसाद आचार्य, मुल आयोजक समितिका संयोजक तथा महासंघका जिल्ला अध्यक्ष महेश्वरप्रसाद श्रेष्ठ, प्राध्यापक डा. बाबुराम ज्ञवाली, बुटवलका पूर्व नगरप्रमुख पुनाराम पोखरेल, पूर्व जिसिअ टेकबहादुर थापालगायतले विश्व हिन्दु महासंघले उठाएका मुद्दाहरुका बारेमा चर्चा गरेका थिए ।

महासभा तथा अधिवेशनमा देशभरबाट करिब १ हजार ३ सय प्रतिनिधि तथा पर्यवेक्षकहरु र विदेशबाट समेत अतिथि र प्रतिनिधिहरु सहभागी हुने वरिष्ठ अधिवक्ता बेनबहादुर पौडेलले बताए । पश्चिम नवलपरासीको भुमहीमा केन्द्रीय भवनलगायतका संरचना निर्माण गरिने उल्लेख गर्दै पौडेलले बन्द शत्र र अधिवेशनलगायतका कार्यक्रमहरु बुटवलमा सम्पन्न हुने बताए ।

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधैं हामीलाई सम्झनुहोस्
सम्पर्क
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com


अन्तर्राष्ट्रिय स्तरको दाँत सम्बन्धि सम्पूर्ण उपचार सेवा
Multispecialist Center
हाम्रा विशेषताहरु:
- Oral & Maxillofacial Surgery, च्यापु दाँत, दुर्घटनामा परि अनुहारको हड्डी भाँचिएको उपचार, पुरानो चोटपटकको दाग हटाउने कस्मेटिक सर्जरी सामान्य तथा जटिल किसिमको दाँत निकाल्ने सेवा तथा विशेष शल्यक्रिया सेवा Endodontist द्वारा दाँतको जरैदेखि विशेष उपचार RCT गरिने RCT गर्दा पटकपटक आउन नपर्ने एकैदिनमा गर्न सकिने RCT Endo Motor को प्रयोग गरि विशेषज्ञद्वारा गरिने Periodontist and Oral implantology द्वारा कृतिम दाँतको प्रत्यारोपण Implant सेवा साथै गिजा सम्बन्धि सम्पूर्ण उपचार Endodontist द्वारा बच्चाको दाँतको विशेष उपचार Orthodontist द्वारा बाँडो-टिङ्गो दाँतको तार बाँधेर सिधा बनाउने
-उपचार काठमाडौं विर अस्पताल, काठमाडौं टिचिङ्ग अस्पताल, लुम्बिनी प्रादेशिक अस्पताल, भैरहवा मेडिकल कलेज, चितवन मेडिकल कलेज तथा पाल्पा मिसन अस्पतालका अनुभव प्राप्त विभिन्न अस्पतालका डाक्टरद्वारा विशेषज्ञ सेवा उपलब्ध छ ।
प्रादेशिक अस्पतालको सटर नं. १४ बाट सरेर भुडकीचोक श्रवण पथबाट सम्पूर्ण सेवा
प्रो. मनोज आले
आले डेन्टल हस्पिटल प्रा. लि.
दाँत तथा मुखको अस्पताल, श्रवण पथ, रूपन्देही
फोन नं. : ०७१-५४२५४४, ५४०१०८
Email:dentalhospitalale@gmail.com, www.aledental.com

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि. ९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस्
गगन सेनेटरी ९८६७०२१६१४, ९८१५४४७६४८
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
गगन सेनेटरी (२) ९८०४४१३२८७, ९८१२९८६३१७
सिद्धबाबा सेनेटरी ९८६४५७७२६२,९८११९९६९३२
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, निर्देशकः ऋषि ज्ञवाली, व्यवस्थापकः महेश रिजाल, सल्लाहकार सम्पादकः यानेन्द्र जी. सी., सम्पादकः शेरबहादुर केसी
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रुपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेवसाइडः www. dainiklumbini.com